का.जि.प्र.का.द.नं. १००/०५९/६०

२५ पुस २०८०,
बुधबार
10 January 2024,
Wednesday

मूल्य रु. ५/-

# मध्याह्न
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक ३३६ । पृष्ठ १६ | Madhyanha National Daily | www.madhyanhadaily.com



# सत्ता गठबन्धनलाई अन्तरघातको पिर



समितिले राष्ट्रिय सभा निर्वाचनमा सत्ता गठबन्धनका १९ जानै उम्मेदवारलाई विजयी गराउन समन्वय गर्छ ।

**मनिष सुमन**
**नेता, जसपा**

**आरके डिसी/मध्यान्ह**
काठमाडौं, २४ पुस ।

राष्ट्रिय सभाको चुनावमा प्रष्ट मतभार सत्ता गठबन्धनको पक्षमा छ । तर, गठबन्धनमा रहेका दलका मतदाताहरुले अर्को दलको उम्मेदवारलाई मतदान गर्छन कि गर्दैनन् भन्ने विषयमा सत्ता गठबन्धनभित्र त्रास उत्पन्न भएको छ ।

नेताहरुका अनुसार मंगलबार साँझ प्रधानमन्त्री निवास वालुवाटारमा बसेको सत्ता गठबन्धनको बैठकमा अन्तरघात हुन सक्ने विषयमा गम्भीरतापूर्वक छलफल भएको छ । नेताहरुका अनुसार अन्तरघात हुन नदिने सम्बन्धित पार्टीले पहल आन्तरिक रुपमा गर्ने र गठबन्धनले सामुहिक रुपमा उम्मेदवारको पक्षमा प्रचारप्रचार गर्ने निर्णय भएको छ ।

राष्ट्रिय सभाको चुनावमा स्थानीय तहका प्रमुख, उपप्रमुख र प्रदेश सभा सदस्य मतदाता हुन्छन् । गठबन्धनमा रहेका दलहरुको मत समग्रतामा बहुमतमा रहेता पनि अन्तरघात हुन सक्ने त्रासका कारण नेताहरु सशंकित छन् ।

यी लगायतका अवस्थालाई चिर्ने लगायतका उदेश्य राखेर सत्ता गठबन्धनले राष्ट्रियसभा निर्वाचनमा समन्वय गर्न समिति पनि बनाएको छ । समितिमा नेपाली कांग्रेसका रमेश लेखक, माओवादी केन्द्रका वर्षमान पुन, एकीकृत समाजवादीका राजेन्द्र पाण्डे र जसपाका मनिष सुमन सदस्य छन् ।

उनी भन्छन्, 'समन्वय समितिले राष्ट्रियसभा निर्वाचनमा सत्ता गठबन्धनका १९ जनै उम्मेदवारलाई विजयी गराउन समन्वय गर्छ ।' उनका अनुसार समितिको पहिलो बैठक भोलि बुधबार दिउँसो २ बजे सिंहदरबारमा बोलाइएको छ ।

माघ ११ गते हुने राष्ट्रिय सभा निर्वाचन हुँदैछ । त्यसका लागि सोमबार बिभिन्न ८ दलका ५२ जनाको उम्मेदवारी परेको थियो । सात प्रदेशमा महिलातर्फ १८, दलित तर्फ ५, अपांगता भएका वा अल्पसंख्यक तर्फ ८ र अन्य समूहतर्फ २१ गरी जम्मा ५२ पृष्ठ २ मा

सत्ता गठबन्धनमा रहेको ठूलो दल कांग्रेसका मतदाता विश्वस्त हुन नसकेको खण्डमा अन्य दलका उम्मेदवार पराजित हुन सक्ने र यसका लागि एमालेसहितका विपक्षी दलले भूमिका खेल्न सक्ने सम्भावनालाई ख्याल गर्दै समन्वय समिति नै बनाएर अगाडि जाने निर्णय भएको छ ।

यात्रालाई सुरक्षित बनाऔं ।

- वारी चढ्दा र ओर्लदा अरुलाई नधकेलों, लाइनमा बसेर चढ्ने र ओर्लने गरौं,
- सवारीसाधनबाट शरिरका अंग बाहिर ननिकालौं,
- चालकलाई तीव्र गतिमा सवारी चलाउन नउक्साऔं,
- सवारीसाधनमा सभ्य व्यवहार देखाऔं,
- सवारीसाधनको छतमा बसेर यात्रा नगरौं,
- चालकलाई सवारी सञ्चालनमा कुनै प्रकारको अवरोध नगरौं,
- मादक पदार्थ सेवन गरेका चालकलाई सवारीसाधन चलाउन नदिऔं ।

स्सुरक्षित होऔं, सुरक्षित यात्रा गरौं सकुशल गन्तव्यमा पुगौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## बम्जन पक्राउ



**काठमाडौं/मस-** लामो समयदेखि प्रहरीको खोजी सूचीमा रहेका विवादास्पद तपस्वी रामबहादुर बम्जन पक्राउ परेका छन् । बम्जनलाई नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी)ले मंगलबार बूढानीलकण्ठ क्षेत्रबाट पक्राउ गरेको नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता तथा प्रहरी नायव महानिरीक्षक कुवेर कडायतले जानकारी दिए । 'विभिन्न उजुरीका आधारमा प्रहरीको खोजी सूचीमा रहेका बम्जनलाई सिआइबीको टोलीले बूढानीलकण्ठ क्षेत्रबाट पक्राउ गरेको हो,' उनले भने ।

केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)का डिएसपी धर्मराज भण्डारीको नेतृत्वको टोलीले उनलाई पक्राउ गरेको हो । बम्जनमाथि यौन शोषण, बलात्कार र हत्याको अभियोग छ । उनले आश्रममा बस्दै आएका तीन जना युवती र दुई युवालाई बेपत्ता पारेको भन्दै उजुरी विभिन्न प्रहरी कार्यालयमा दर्ता भएको थियो । तीमध्ये एक जनालाई उनले सिन्धुपाल्चोकस्थित आश्रममा हत्या गरेको समेत आरोप छ । बम्जनविरूद्ध सर्लाही जिल्ला अदालतमा बलात्कारको मुद्दा विचाराधीन छ ।

## चार करोड बढी फिर्ता नगरी सहकारी सञ्चालक फरार

३० हजार बचतकर्ताको चार करोड ७५ लाख बढी रकम फिर्ता नगरी राजविराजस्थित ग्लोबल बहुमुखी सहकारीका सञ्चालक सम्पर्कविहीन भएका हुन् ।

**पिन्टु यादव/मध्यान्ह**
सप्तरी, २४ पुस ।

राजविराजबाट सञ्चालित ग्लोबल बहुमुखी सहकारी संस्था लिमिटेडका सञ्चालक बचतकर्ताको करौडौं रकम फिर्ता नगरी सम्पर्क विहीन भएका छन् । स्वास्थ्य आमा समूह र संस्थागत समुह गरी २४६ समूहको ४ करोड ७५ लाख बढी रकम भुक्तानी बाँकी राखेर सञ्चालक सम्पर्कविहीन भएका हुन् ।

ग्लोबल बहुमुखी सहकारीले राजविराज नगरपालिका, सप्तकोसी नगरपालिका, कञ्चनरुपा नगरपालिका, डाक्नेश्वरी नगरपालिका, बोदे बर्साईन नगरपालिका, खडक नगरपालिका, हनुमाननगर कंकालनी नगरपालिका, गाउँपालिका र तिलाठी कोइलाडी गाउँपालिकाबाट संकलित रकम फिर्ता गर्न बाँकी छ ।

साबिक डाढा गाविसस्थित बलियाको आमा समूहमा रहेको एक सय सदस्यको ३ लाख ८७ हजार ४ सय ८७ रुपैयाँ भुक्तानी बाँकी राखेर सञ्चालक पृष्ठ २ मा

## प्रदेश विरोधीलाई सभामुख

प्रदेश खारेजीको माग राखेर आन्दोलन गर्ने निर्णयमा पुगेको राप्रपाले कोशी प्रदेशमा समामुख लिएको हो । यो विषयले राप्रपाभित्र अन्तरविरोधसमेत पैदा गरेको छ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २४ पुस ।

कोशी प्रदेशको सभामुखमा राप्रपाका अम्बरबहादुर विष्ट निर्विरोध निर्वाचित भएका छन् । प्रदेश खारेजीको माग राखेर आन्दोलन गर्ने निर्णयमा पुगेको राप्रपाले कोशी प्रदेशमा समामुख लिएको हो । यो विषयले राप्रपाभित्र अन्तरविरोध समेत पैदा गरेको छ ।

तर, कोशी प्रदेश सभामा मंगलबार भएको निर्वाचन प्रक्रियाबाट सभामुखमा पृष्ठ २ मा

### पार्टी भित्रैबाट विरोध !

राप्रपाका बिस्टलाई सभामुख बनाउन प्रदेश पक्षधर दलहरु तयार भए । राप्रपा पनि प्रदेशको खारेजीको माग गर्दै आएको भएता पनि सभामुख किलन तयार भयो । यसलाई दलहरुले आ-आफ्नै कार्यनीति अन्तर्गत लिएको नेताहरु बताउँछन् ।

तर, बिस्ट सभामुख भएपछि उनको पार्टी भित्रैबाट विरोध भएको छ । राप्रपा केन्द्रीय निर्देशन समिति अध्यक्ष प्रकाशचन्द्र लोहनीले कोशी प्रदेश सभाको सभामुखमा निर्वाचित दिएका अम्बरबहादुर पृष्ठ २ मा

प्रेस विज्ञप्ति

नेपाल र मित्र राष्ट्र साउदी अरबको दौत्य सम्बन्ध असल मित्र राष्ट्रको रुपमा स्थापित छ । नेपाली श्रमिकहरुको महत्वपूर्ण रोजगार गन्तव्य साउदी अरबमा ५ लाखभन्दा बढी नेपाली कार्यरत रहेका छन् । श्रमिकहरुको रोजगारी, सेवा सुविधालगायत सुरक्षाका विषयमा दुई देशबीच श्रम सम्झौतामार्फत विशेष ध्यान दिँदा कामदारको अधिकारको रक्षा हुने र मित्रताले थप उचाइ लिने सर्वविदितै छ । तर दौत्य सम्बन्ध र श्रमिकको हकहितमा काम गर्ने काठमाडौंस्थित साउदी अरबको राजदूतावासले भिसा प्रक्रियामा जाने वैदेशिक रोजगार व्यवसायीहरुलाई सहजीकरण गर्नुको सट्टामा विभिन्न बहानामा दुःख दिने, कामदारलाई आर्थिक भार पार्ने निर्णय लाद्ने र बिना सूचना व्यवसायीको परिचयपत्र (Id card) बन्द गरिदिने र सीमित संख्यामा मात्र भिसा आवेदन पेश गर्न दिनेजस्ता कार्यले पछिल्ला दिनमा साउदी अरबमा नेपाली कामदार सहजरूपमा छिटो जान सकिरहेका छैनन् । साउदी भिसा सेन्टर (VFS) खडा गरी लागू गर्न खोज्ने विषयदेखि मलेसियाको निजी कम्पनी foreign worker welfare management center (FWWMC) र वैदेशिक रोजगार बोर्ड सचिवालयबीच नेपाली कामदारहरु र मलेसियाका रोजगारदाताहरुको सम्पूर्ण तथ्यांक राख्नेबारेमा अन्तर्राष्ट्रिय प्रचलनविपरीत निजी कम्पनीसँग सम्झौता भएको भन्ने दुवै समाचारप्रति यस नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनको गम्भीर ध्यानाकर्षण भएको छ ।

सीमित व्यक्ति/संस्था र व्यक्तिगत फाइदा लिन एकाधिकार लागू गर्न खोज्ने मलेसियाको निजी कम्पनी (FWWMC) सिण्डिकेट, साउदी भिसा सेन्टर (VSF) सिण्डिकेट, अभिमुखीकरणको शुल्क वृद्धि सिण्डिकेट, अनिवार्य भासा पास परीक्षा लिने सिण्डिकेट अथवा व्यवसायीमाथि वैदेशिक रोजगार विभाग वा कम्पनीको निजी कार्यालयमा हुने सांघातिक आक्रमण र हमलाजन्य विषयसहित जुनसुकै प्रकारका नाममा खडा गरिने एकाधिकारको यस लोकतान्त्रिक एशोसिएसनले विरोध गर्ने र यस्ताखाले सिण्डिकेटविरुद्ध कडा प्रतिवाद गर्ने यसै विज्ञप्तिमार्फत जानकारी गराउँदछौं ।

लोकतान्त्रिक एशोसिएसन खुला र पारदर्शी वातावरणमा मात्र व्यवसाय फष्टाउने मान्यतामा विश्वास राख्ने प्रजातान्त्रिक मान्यतामा आस्थावान व्यवसायीको संस्था भएको हुँदा नेपाल सरकारबाट इजाजतपत्रवाला सम्पूर्ण व्यवसायीहरुले स्वच्छ, मर्यादित एवम् पूर्ण प्रतिस्पर्धाको आधारमा व्यवसाय गर्न पाउनुपर्ने मान्यता राख्दछ । वैदेशिक रोजगार बोर्ड र मलेसियाको निजी कम्पनी (FWWMC)बीच नेपाली कामदारहरु र मलेसियाका रोजगारदाताहरुको सम्पूर्ण तथ्यांक राख्ने बारेमा सम्झौता हुनु गम्भीर आपत्तिको विषय हो । विपन्न अवस्थाका कामदारको शोषण हुने गरी संयन्त्र खडा गर्ने/गराउने जो कोहीलाई तत्काल कानूनी कारबाही गर्न यस लोकतान्त्रिक एशोसिएसन नेपाल सरकारसमक्ष जोडदार माग गर्दछ । वैदेशिक रोजगारमा जाने कामदारको लागत सम्बन्धमा समयसापेक्ष परिमार्जन परिभाषा गरी तदानुसार निर्णय हुनुपर्ने र वैदेशिक रोजगारमा जानुपूर्वका ओरियन्टेशन तालिम राहदानी बनाउनुभन्दा पहिले नै हुनुपर्नेमा विभिन्न नाममा संस्था खडा गरी कामदारलाई मर्का पर्ने गरी निर्णय गरिनु अनुचित भएको पनि स्पष्ट पार्न चाहन्छौं ।

प्रत्यक्ष वा परोक्षरुपमा गैरकानूनी कार्यमा संलग्न व्यक्ति/संस्थालाई कानूनी कारबाही हुनुपर्ने यस लोकतान्त्रिक एशोसिएसनको स्पष्ट माग रहेको स्मरण गराउँदै उक्त माग यथाशीघ्र पूरा गर्न-गराउन नेपाल सरकार, गृह मन्त्रालय, परराष्ट्र मन्त्रालय, अर्थ मन्त्रालय, कानून मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलगायत सम्पूर्ण सरोकारवाला पक्षलाई गम्भीर ध्यानाकर्षण गराउँदछौं । अन्त्यमा अहिले व्यवसाय र व्यवसायीमाथि भएका षड्यन्त्रमुलक कार्यहरुको सत्य तथ्य उजागर गर्नका लागि नेपाल वैदेशिक रोजगार व्यवसायी संघले ७ (सात) दिनभित्र व्यवसायी भेला बोलाएर स्पष्ट धारणा सार्वजनिक गर्नुपर्ने र स्पष्ट धारणा नआएको खण्डमा यस एशोसियसन व्यावसायिक भेला बोलाउन बाध्य हुने व्यहोरा सम्पूर्णमा जानकारी गराउँदछौं ।

कुमुद खनाल
अध्यक्ष

नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएशन
नयाँबानेश्वर, काठमाडौं, फोन न. ०१–४५६६४२८, ईमेलः ndfeefforum@gmail.com

**वैदेशिक रोजगार विशेष**

## बोर्डका कार्यकारी निर्देशकले गरेको सम्झौता कार्यान्वयन नगर्न प्रधानमन्त्रीको निर्देशन

### श्रम मन्त्रालयको कार्यशैलीमा तीव्र असन्तुष्टि

**मध्यान्ह संवाददाता**
काठमाडौं, २४ पुस

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले वैदेशिक रोजगार बोर्ड र मलेसियाको फरेन वर्कर्स वेलफेयर म्यानेजमेन्ट सेन्टर (एफडब्लुडब्लुएमसी) बीच भएको विवादास्पद सम्झौता कार्यान्वयन नगर्न श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई निर्देशन दिएका छन् । मंगलबार श्रम मन्त्रालयलाई करिब डेढ दर्जन निर्देशन दिँदै प्रधानमन्त्री दाहालले श्रम मन्त्रालयले अघि बढाएको सम्झौता कार्यान्वयन नगर्न भनेका हुन् ।

त्यसैगरी प्रधानमन्त्री दाहालले हाल वृद्धि भएको भनिएको शुल्क श्रमिकहरुबाट नलिइ यथावतरुपमा हुने गरी कार्यान्वयनको व्यवस्था मिलाइ आन्तरिक वा वैदेशिक रोजगारीमा जाने श्रमिकलाई थप सेवा शुल्कलगायत थप आर्थिक भार पर्ने कुनै प्रकारको काम नगर्न-नगराउन मन्त्रालयलाई सचेत गराएका छन् । वैदेशिक रोजगार व्यवसायीहरुले पृष्ठ २ मा

**म्यानपावरलाई कोरिया पठाउने अनुमति दिइएको छैन : मन्त्रालय**

काठमाडौं/मस- श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले दक्षिण कोरियामा कसैलाई पनि सीपयुक्त दक्ष श्रमिकले पाउने प्रवेषाज्ञा ई-७ भिसा अन्तर्गत कामदार पठाउने अनुमति नदिइएको बताएको छ । केही सञ्चारमाध्यममा म्यानपावर कम्पनीमार्फत ई-७ भिसा नेपाली श्रमिक पठाउन दिने तयारी गरेको सामाचार पृष्ठ २ मा

VACANCY
ANNOUNCEMENT
A Reputed, pioneer and market leader in the field of Manpower Recruiting Business.
We Are Looking for the Following Positions:
Accountant : 1 (M/F)
Receptionist : 2 (Female)
PRO : 2 (Male/Female)
Office Secretary : 2 (M/F)
Salary: Negotiable
Requirements:
Minimum 2/4 Years of Experienced in related fields.
Bachelor's Degree Passed for Office secretary.
Contact: 9810092580 | 9851043031
Send the cv on : grandpearl1555@gmail.com
Govt. Lic. No. 1555/079/080
Grand Pearl International Pvt.Ltd.
Basundhara 3, Kathmandu, Nepal

# संक्रमणकालीन न्यायसम्बन्धी विधेयकमा सहयोग गर्ने प्रतिबद्धता

**काठमाडौं/मस–** सशस्त्र द्वन्द्वका क्रममा ज्यान गुमाएका सुरक्षाकर्मीका परिवारले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'सँग भेट गरी संसद्मा विचाराधीन संक्रमणकालीन न्यायसँगसम्बन्धित विधेयकमा आफूहरूले कुनै किसिमको बाधा अवरोध खडा नगर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।



संक्रमणकालीन न्यायसँगसम्बन्धित विधेयकमार्फत द्वन्द्वपीडित सुरक्षाकर्मीका परिवारका जायज माग सम्बोधन गर्न आग्रह गर्दै उनीहरूले सरकारले सशस्त्र द्वन्द्वका क्रममा राज्य पक्ष र विद्रोहीबाट मारिएका दुवै पक्षलाई समान व्यवहार गरेका कारण आफूहरू विधेयकप्रति सकारात्मक रहने प्रतिबद्धता व्यक्त गरेका हुन् ।

भेटमा द्वन्द्वपीडित सुरक्षाकर्मी परिवारका वरिष्ठ उपाध्यक्ष रीता कार्कीले युद्धको पीडा र मर्म प्रधानमन्त्री दाहाललाई जति अरू नेतालाई अनुभूत नहुने भन्दै प्रधानमन्त्री दाहालकै कार्यकालमा द्वन्द्वपीडितका सबै माग सम्बोधन हुने विश्वाससमेत व्यक्त गरिन् । त्यस अवसरमा प्रधानमन्त्री दाहालले सरकारले सरकार र विद्रोही दुवै तर्फबाट मारिएका परिवारलाई समान व्यवहार गरेको र भविष्यमासमेत कुनै प्रकारको भेदभाव नहुने स्पष्ट पार्दै विधेयकमा सम्भव हुने विषय समावेश गरी परिमार्जन गरिने बताए ।

# केएमसी चिकित्सक निलम्बनः समस्या समाधान गर्न शिक्षामन्त्रीको निर्देशन



**काठमाडौं/मस–** शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री अशोक राईले काठमाडौं मेडिकल कलेजबाट निलम्बित आवासीय चिकित्सक डा. विशद दाहालको कारबाही यथाशीघ्र फुकुवा गर्न काठमाडौं विश्वविद्यालयलाई निर्देशन दिएका छन् ।

काठमाडौं विश्वविद्यालयको सहकुलपतिका हैसियतले मन्त्री राईले त्यस्तो निर्देशन दिएका हुन् । मन्त्री राईको उक्त निर्देशनबारे मन्त्रालयका सचिव सुरेश अधिकारीले प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिलाई मंगलबार जानकारी गराउँदै निजमाथिको निलम्बन फुकुवा गरी विश्वविद्यालयले तय गर्ने मापदण्ड जारी भएपछि मात्रै चिकित्सकहरूलाई स्वास्थ्य शिविरमा परिचालन गराउन निर्देशन दिइएको बताए ।

उक्त कलेजले १२ दिनअघि डा.दाहाललाई खटाइएको शिविरमा नगएका कारण निलम्बन गरेको थियो भने उक्त कारबाही नियमसङ्गत नभएको भनी संसदीय समितिमा आवाज उठेको थियो ।

# विदेश पठाइदिने भन्दै ठग्ने चार पक्राउ

**काठमाडौं/मस–** विभिन्न देश पठाइदिन्छु भन्दै ठगी गर्ने चार जनालाई प्रहरीले पक्राउ गरेको छ । सर्बिया पठाइदिन्छु भन्दै १३ लाख ५० हजार रुपैयाँ ठगी गरेको अभियोगमा उदयपुरको कटारी नगरपालिका-१ घर भई हाल ललितपुरको च्यासल बस्ने ४२ वर्षीय विकाशकुमार घले र काठमाडौं महानगरपालिका-९ सिनामंगल शम्भूमार्ग बस्ने ३९ वर्षीय सञ्जय लामालाई प्रहरीले पक्राउ गरेको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले जनाएको छ । प्रहरीले घलेलाई महाबौद्धबाट सोमबार दिउँसो र लामालाई सिनामंगलबाट आइतबार दिउँसो पक्राउ गरेको हो ।

यस्तै पोल्याण्ड पठाइदिन्छु भन्दै दुई लाख १५ हजार रुपैयाँ ठगी गरेको अभियोगमा दोलखा भीमेश्वर नगरपालिका-५ घर भइ काठमाडौंको तार्केश्वर नगरपालिका-८ जरंखु बस्ने ३० वर्षीया पूजा श्रेष्ठलाई सोमबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । श्रेष्ठले एक व्यक्तिलाई वैदेशिक रोजगारीका लागि पोल्याण्ड पठाइदिने भनि ठगी गरेको प्रहरीले जनाएको छ ।

यसैगरी मलेसिया पठाइदिन्छु भन्दै ठगी गरेको अभियोगमा रौतहटको बुद्धावन नगरपालिका-४ घर भई काठमाडौं-३१ शान्तिनगर बस्ने ३२ वर्षीय विन्दालाल साह कानुलाई सोमबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । साहले एक व्यक्तिलाई वैदेशिक रोजगारीका लागि मलेसिया पठाइदिन्छु भन्दै प्रलोभनमा पारी रकम ठगी गरेकाले काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयबाट खटिएको प्रहरी टोलीले उनलाई सिनामंगलबाट पक्राउ गरेको जनाइएको छ । पक्राउ परेका चारै जनालाई थप अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल पठाइएको प्रहरीले जनाएको छ ।

# प्रहरी समायोजनपछिको तयारीमा जुट्न मुख्यमन्त्रीको निर्देशन

**मोरङ/मस–** कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्कीले प्रहरी समायोजनापछिको तयारीका लागि जुट्न निर्देशन दिएका छन् । आन्तरिक मामिला तथा कानुन मन्त्रालयको मंगलबार अनुगमन गर्दै उनले संघीय सरकारले प्रदेश सरकारलाई प्रहरी समायोजन गरी हस्तान्तरण गर्न लागेकाले यस सम्बन्धमा आवश्यक तयारी गर्न मन्त्रालयका कर्मचारीलाई निर्देशन दिए ।



मुख्यमन्त्री कार्कीले प्रहरी समायोजन भएपछि त्यसको सञ्चालन, सरूवा तथा बढुवाको विधि निर्माण गर्न पूर्वतयारीमा जुट्नुपर्ने आवश्यक्ता औंल्याए ।

'जनताको दैनिकीका साथै शान्ति सुरक्षामा प्रत्यक्ष रूपमा जोडिएको यस मन्त्रालयले जनतालाई महसुस हुने गरी काम गर्नुपर्छ', उनले भने । मुख्यमन्त्री कार्कीले बजेट पूर्णरूपमा कार्यान्वयन गरेमा मात्र जनतासमक्ष सरकार पुगेको महसुस हुने बताए ।

'ट्राफिक सप्ताह होइन, प्रत्येक दिन ट्राफिक अभियान चलाउन र सडकमा जडान गरिएका सिसी क्यामेराको प्रभावकारीरूपमा अनुगमन गर्नुपर्छ', मुख्यमन्त्री कार्कीले भने ।

सो अवसरमा मन्त्रालयका कर्मचारीले प्रदेशका १४ जिल्लामध्ये नौ जिल्लाको नक्शाङ्कन एकीकृत गर्ने काम भइरहेको र बाँकी जिल्लाको कार्य चाँडै सम्पन्न गरिने मुख्यमन्त्री कार्कीलाई जानकारी गराएका थिए ।

## सत्ता...

जनाले उम्मेदवारी दिएका हुन् ।

यसमध्ये १ जना सत्ता गठबन्धनमा आवद्ध दलका उम्मेदवारहरु छन् । सत्ता गठबन्धनबाट कांग्रेसले १० सिटमा उम्मेदवारी दिएको छ । गठबन्धबाट माओवादी केन्द्रले ६ सिटमा उम्मेदवारी दिएको छ भने, नेकपा एकीकृत समाजवादीले गठबन्धबाट दुई र सत्ता साझेदार जसपाले गठबन्धनबाट एक सिटमा उम्मेदवारी दिएको छ ।

नेता मनिष सुमनका अनुसार समन्वय समितिको पहिलो बैठकले साझा प्रचार प्रसार लगायतका कार्यक्रम तय गर्नेछ । साझा रुपमा मत माग्ने र विश्वास जित्ने प्रयास गर्नेछ । गठबन्धनमा रहेको ठूलो दल कांग्रेसका मतदाता विश्वस्त हुन नसकेको खण्डमा अन्य दलका उम्मेदवार पराजित हुन सक्ने र यसका लागि एमाले सहितका विपक्षी दलले भूमिका खेल्न सक्ने अवस्थालाई चिर्न गठबन्धनले समन्वय समिति नै बनाएर अगाडि जान निर्णय लिएको हो । राष्ट्रिय सभा निर्वाचन कार्यक्रमअनुसार सोमबार उम्मेदवारी दिएका उम्मेदवारको विरोधमा मंगलबार उजुरी दिने र बुधबार र बिहीकार मनोनयनपत्र र उजुरीमाथि जाँचबुझ गरी नामावली प्रकाशित गरिनेछ ।

पुस २७ गते उम्मेदवारले नाम फिर्ता लिने तथा अन्तिम नामावली प्रकाशन गर्ने र पुस २८ गते उम्मेदवारलाई निर्वाचन चिह्न वितरण हुने कार्यसूची छ ।

राष्ट्रिय सभा सदस्यका लागि माघ ११ गते निर्वाचन भए पनि निर्वाचित सदस्यको कार्यकाल भने फागुन २१ गते सुरु हुनेछ । कूल १९ सिटका लागि हुने निर्वाचनमा सातै प्रदेशमा महिला समूहतर्फ १७, दलित समूहतर्फ छ, अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यक समुदायतर्फ आठ, र अन्य समूहतर्फ २१ गरी जम्मा ५२ उम्मेदवारको मनोनयनपत्र दर्ता भएको निर्वाचन आयोगले जनाएको छ । फागुन २० गते राष्ट्रिय सभाका २० सांसद्को पदावधि सकिँदै छ । जसमध्ये १९ सिटका लागि निर्वाचन हुन लागेको हो भने एक जना राष्ट्रपतिबाट मनोनीत हुनेछन् ।

## चार...

समितिका अध्यक्ष सुखराम यादव सम्पर्कविहीन भएको स्वयंसेविका सुनिता देवी ठाकुरले बताइन् । उक्त समुहको कुल ७ लाख ६५ हजार २७१ रुपैयाँ बचत मध्ये २०७९ चैत ११ गतेसम्ममा संस्थाले ३ लाख ७७ हजार ७ सय ८४ रुपैयाँ फिर्ता गरिएको भएपनि बाँकी रकम फिर्ता हुन सकेको छैन । साबिक डाढा गाविसको मात्रै नभएर सप्तरी जिल्लाभरबाट पीडितहरुको संख्या थपिदै गएको छ । स्रोतका अनुसार गुणस्तरीय स्वास्थ्य सेवामा महिलाको सहज पहुँच अभिवृद्धिका लागि लघुबित्त प्रवर्द्धन कार्यक्रम अन्तर्गत जिल्ला जनस्वास्थ्य कार्यालय र यस संस्थाबीच सम्झौता भएपछि साबिक ९४ गाविस र ४ नगरपालिकाका ९०४ वडामा कार्यक्रम सञ्चालन भएको थियो ।

त्यस कार्यक्रममा महिलाहरुको आर्थिक सशक्तिकरण र गरिबी निवारणका लागि मुठिया बचत योजना ल्याइँदै मासिक २ सय रुपैयाँका दरले ३ वर्षसम्म बचत गरिने प्रावधान थियो । त्यसरी २०७० सालदेखि २०७६ सम्म दुई चरणको कार्यक्रम सञ्चालन भएको थियो । सोही बमोजिम सबै वडाका महिला स्वास्थ्य स्वयंसेविकाहरुले बचतकर्ताहरुलाई समूहमा आबद्ध गरेकी थिइन् । तर संस्थाले गैरकानुनी बाटोबाट रकम लगानी, कार्यरत कर्मचारीलाई मनपरी पारिश्रमिक छुट्टयाउन थालेपछि रकम हिनामिना भएको स्रोतको भनाइ छ ।

ती स्रोतका अनुसार सञ्चालक समितिका अध्यक्ष यादव र कर्मचारी पंकज पोखरेलको मिलोमतोमा बचतकर्ताको रकम हिनामिना भएको देखिएको छ । अहिले यादव बचतकर्ताहरुको सम्पर्क बाहिर छन् भने कर्मचारी पोखरेल काठमाडौंमा छन् । मध्यान्हकर्मीको सम्पर्कमा आएको पोखरेलले यसबारे केही बताउन चाहेन । यो संस्थाले जिल्लाभरका ३० हजार सदस्य संस्थामा जोडेका छन् । १८ वटै स्थानीय तहलाई कार्यक्षेत्र बनाएर गरीब, बिपन्न तथा सीमान्तकृत वर्गका महिलाहरु जोडिएका थिए । संस्थाले २०७६ चैत १० गतेसम्म १२ करोड १९ लाख ३६ हजार ७ सय २३ रुपैयाँ फिर्ता गरिसकेको थियो । बचतकर्ताहरुको रकम फिर्ता प्रक्रिया जारी राखेर उक्त संस्थाले २०७७ सम्म सम्पुर्ण रकम फिर्ता गरिसक्ने बताइएको थियो । सोही योजना बमोजिम स्वयसेविकहरुलाई चेक प्रदान दिइएको थियो । तर स्वंयसेविकाहरुलाई अप्ठ्यारोमा परेर सञ्चालक बेपत्ता भएको सुनिता देवी ठाकुरले बताइन् ।

## प्रदेश...

विष्ट निर्विरोध निर्वाचित भएका हुन् । सभामुख निर्वाचित भएलगत्तै विष्टले नै पद तथा गोपनीयताको शपथ लिए । उनले प्रदेश प्रमुख पर्शुराम खापुङसमक्ष पद तथा गोपनीयताको शपथग्रहण गरेका हुन् । नवनिर्वाचित सभामुख विष्टले बुधबार पदबहाली गर्ने कार्यक्रम छ ।

झापा गौरादह नगरपालिका ७ का ७० वर्षीय विष्ट समानुपातिकतर्फका प्रदेश सभा सदस्य हुन् । राप्रपा संसदीय दलका नेता भक्तिप्रसाद सिटौला प्रस्तावक र राप्रपाकै प्रदेशसभा सदस्य प्रेमराज थाम्सुहाङको समर्थनमा विष्टले सभामुखमा उम्मेदवारी दिएका थिए ।

सभाको अध्यक्षता गरेकी उपसभामुख सिर्जना दनुवारले विष्टबाहेक अरुको उम्मेदवारी नपरेको भन्दै उनलाई निर्विरोध निर्वाचित भएको घोषणा गरिन् । २०२८ सालमा तत्कालीन नेकपा मालेको भ्रातृ संगठन अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियनबाट राजनीति सुरु गरेका विष्ट २०३२ सालमा पञ्चायत प्रवेश गरेका थिए । २०४६ सालको राजनीतिक परिवर्तनपछि राप्रपामा सक्रिय भएका उनी पार्टीको जिल्ला सचिव हुँदै काम गरेका नेता हुन् ।राजनीतिक दलहरुको आन्तरिक राजनीतिका कारण प्रदेशसभा गत साउन १६ गतेदेखि सभामुखविहीन थियो । २०७९ पुस २८ गते निर्विरोध निर्वाचित सभामुख बाबुराम गौतमले गठबन्धन दलका शीर्ष नेताको आग्रहमा राजीनामा दिएका थिए । उनलाई गठबन्धनबाट मुख्यमन्त्री बनेका उद्धव थापालाई बहुमत पुऱ्याउन राजीनामा दिन बाध्य पारिएको थियो ।

त्यसयता रोकिएको कोशी प्रदेशसभामा सभामुखको निर्वाचन प्रक्रिया मंगलबार सुरु भएको थियो र मंगलबार नै प्रदेश सभाले सभामुख पाएको हो ।

## पार्टी...

बिष्टलाई पछाडि हट्न भनेका छन् । उम्मेदवारी परे लगत्तै लोहनीले उम्मेदवारी फिर्ता लिन निर्देशन दिएका थिए । तर, उनको निर्देशनले काम गरेन । लोहनीले विज्ञप्ति जारी गर्दै पार्टीको आन्दोलनमा जाने निर्णयविपरीत उम्मेदवारी दिएको भन्दै फिर्ता लिन आवश्यक कदम चाल्न कार्यसमितिलाई निर्देशन दिएका थिए । तर प्रदेशस्थित सत्ता गठबन्धनका दलहरूले सभामुखका रूपमा विष्टलाई अघि सारेपछि प्रमुख विपक्षी नेकपा एमालेले पनि समर्थन गऱ्यो र यो अवस्थामा बिष्ट निर्विरोध सभामुखमा निर्वाचित भए ।

यसरी सत्तारूढ र प्रतिपक्षी दलहरूको समर्थन पाएका विष्टलाई मंगलबारको प्रदेश सभा बैठकले सभामुख चयन गर्ने औपचारिकता पूरा गऱ्यो । यसलाई लिएर राप्रपाभित्र विरोध भएको हो । पार्टी अध्यक्ष राजेन्द्र लिङ्देन विदेश भ्रमणमा छन् । त्यसकारण पार्टी भित्रको विवाद शीर्ष तहमा दुई पक्षीय नभएर एक पक्षीय जस्तो हुन पुगेको नेताहरु बताउँछन् ।

राप्रपाका तर्फबाट बागमती प्रदेशमा यसअघि नै भुवन पाठक सभामुख छन् । प्रदेश खारेजीको माग गर्ने राप्रपाले कोशी प्रदेशमा सभामुख लिएसँगै प्रदेश सभाको नेतृत्व गरेको संख्या दुई पुगेको छ ।

## बोर्डका...

श्रम मन्त्रालयको नेतृत्वमाथि आर्थिक लाभ लिएर निर्णय गर्ने गरेको गुनासो लगाइरहेको बेला प्रधानमन्त्री दाहालले मंगलबार मन्त्रालयमा आयोजित छलफलका क्रममा वैदेशिक रोजगारका क्षेत्रमा श्रमिकले अनुभूत गर्ने गरी सुधारका कार्य अझै सम्पन्न हुन नसकेको भन्दै श्रम मन्त्रालयको नेतृत्वमाथि असन्तुष्टि देखाएका हुन् ।

निर्देशनमा प्रधानमन्त्री दाहालले यस अवधिमा श्रम स्वीकृति र पुनः श्रम स्वीकृति प्रदान गर्ने कार्यलाई पूर्णरुपमा अनलाइन गर्ने, श्रम स्वीकृतिको २ वर्षे सीमालाई करार अवधिबमोजिम नै श्रम स्वीकृति दिने, विदेशस्थित नियोगबाटै पुनः श्रम स्वीकृति प्रदान गर्ने, टेलिमेडिसिन तथा कल सेन्टर सेवा उपलब्ध गराउनेलगायतका केही कार्य सम्पादन भएपनि आम श्रमिकले अनुभूत गर्ने गरी सुधारका कार्य अझै सम्पन्न हुन नसकेको टिप्पणी गरे ।

प्रधानमन्त्री दाहालले उत्पादनशील रोजगारी, मर्यादित र सुरक्षित वैदेशिक श्रम आप्रवासन, विप्रेषणको सदुपयोग र फर्केपछि सीपको सदुपयोगसहितको गुणस्तरीय जीवनका लागि विशेष प्राथमिकतामा राखेर काम हुनुपर्नेमा जोड दिएका छन् ।

त्यसैगरी प्रधानमन्त्री दाहालले वैदेशिक रोजगारीमा जाने श्रमिकलाई पूर्वप्रस्थान अभिमुखीकरण तालिमलगायत अन्य तालिमहरु निःशुल्करुपमा वैदेशिक रोजगार बोर्ड वा सीप विकास तालिम प्रतिष्ठानबाट के कसरी उपलब्ध गराउन सकिन्छ, सोको विस्तृत अध्ययन गरी श्रमिकको अधिकतम हितलाई ध्यानमा राखी कार्यक्रम सञ्चालन गर्न पनि मन्त्रालयको ध्यानाकर्षण गराएका छन् ।

प्रधानमन्त्री दाहालले जापान, बेलायत लगायत अन्य युरोपियन मुलुकमा वैदेशिक रोजगारीमा पठाउने प्रक्रियागत व्यवस्थालाई सरलीकृत गर्न निर्देशन दिँदै दक्षिण कोरियाली मुलुकमा हाल ईपीएस प्रणालीबाट मात्र नेपाली श्रमिक पठाउने व्यवस्था भएकोमा ई-७ भिसालाई समेत सोही प्रणालीमा आवद्ध गराउन कोरिया सरकारसँग भएका श्रम सम्झौता नवीकरणको कार्य प्रारम्भ गर्नपनि आग्रह गरेका छन् ।

प्रधानमन्त्री रोजगार कार्यक्रमलाई पुनरावलोकन गरी मागमा आधारित परियोजनाहरुमा काम लगाउने प्रणालीको विकास गर्नुपर्नेमा जोड दिँदै स्थानीय तहको आवश्यकता पहिचान गरेर कार्यक्रम सञ्चालन गरी अन्य रोजगारी सिर्जना हुने कार्यक्रमलाई पनि एकीकृत गरेर सीप र क्षमता अभिवृद्धि हुने किसिमको कार्यक्रम सञ्चालन गर्न प्रधानमन्त्री दाहालले निर्देशन दिए ।

प्रधानमन्त्री दाहालले श्रम गन्तव्य मुलुकहरुसँग भएका पुराना श्रम सम्झौताको समसामयिक नवीकरण र नयाँ गन्तव्य मुलुकसँग श्रम सम्झौता गर्ने कार्यलाई प्राथमिकतामा राख्न निर्देशन दिँदै श्रम सम्झौता गर्दा न्यूनतम तलब, सामाजिक सुरक्षा, कार्यघण्टा, बीमालगायतका सुविधालाई अधिकतमरुपमा प्रदान गर्नेतर्फ विशेष ध्यान दिन सचेत गराए ।

त्यसैगरी प्रधानमन्त्री दाहालले वैदेशिक रोजगार सूचना प्रणाली (एफइएमआइएस)लाई अद्यावधिक गरी विदेशस्थित नियोग, रोजगारदाता श्रमिक र सबै स्थानीय तहको पहुँच हुने गरी विस्तारका साथै पुनः श्रम स्वीकृति दिने कार्य स्थानीय तहबाटै दिने व्यवस्था तत्काल मिलाउन पनि निर्देशन दिएका छन् । वैदेशिक रोजगारीको सिलसिलामा विदेशमा चोटपटक वा अंगभंग तथा घाइते बिरामीको उपचार तत्काल गराउने, मृत्यु भएमा श्रमिकको शव समयमै परिवारसम्म पुऱ्याउने, आन्तरिक वा वैदेशिक रोजगारीमा गएका श्रमिकहरुको मृत्युदरमा कमी ल्याउने र वैदेशिक रोजगार ऐन श्रमिकमैत्री हुने गरी आगामी हिउँदे अधिवेशनमा विधेयक पेश गर्ने तयारी गर्न पनि प्रधानमन्त्री दाहालले निर्देशन दिएका छन् ।

रोजगारदाता र श्रमिकको एकीकृत विवरण तयार गरी माग र आपूर्तिबीच सन्तुलन कायम गर्नेतर्फ तत्काल कार्य निर्देशन दिँदै नेपाल रोजगारी व्यवस्थापन सूचना प्रणाली (एनइएमआइएस)मार्फत ७५३ स्थानीय तहमा तत्काल संयन्त्र निर्माण गर्न, सामाजिक सुरक्षा कोषमा औपचारिक, अनौपचारिक र वैदेशिक रोजगारीमा गएका तथा स्वरोजगारमा रहेका श्रमिकलाई आवद्धता र विस्तारलाई प्राथमिकताका साथ कार्यान्वयन गर्न, सामाजिक सुरक्षा कोषमा जम्मा भएको रकमलाई अधिकतम लाभ हुने परियोजनामा लगानी गर्न पनि प्रधानमन्त्रीले निर्देशन दिएका छन् । अनौपचारिक श्रमिकहरुलाई औपचारिक क्षेत्रमा ल्याउन उचित मापदण्ड र कानून बनाउन पनि निर्देशन दिइएको छ । निर्देशनको अन्त्यमा प्रधानमन्त्री दाहालले भनेका छन्, 'आन्तरिक र वैदेशिक श्रम व्यवस्थापन अत्यन्त संवेदनशील विषय भएकोले उत्पादनशील रोजगारी सिर्जना, मर्यादित र सुरक्षित श्रम आप्रवासन, सबैका लागि एकीकृत सामाजिक सुरक्षाको प्रत्याभूति, श्रमिकको हकहितको संरक्षण तथा जोखिम न्यूनीकरणमा विशेष ध्यान दिइ तत्काल सुधारको कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याउनुहोला ।'

## म्यानपावरलाई...

सार्वजनिक भएको भन्दै मन्त्रालयका प्रवक्ता राजीव पोखरेलले ई-७ भिसा बारेमा अध्ययन जारी रहेको बताए ।

उनले हाल ईपीएसबाहेक अन्य प्रक्रियाबाट दक्षिण कोरियामा नेपाली कामदार जान अनुमति नरहेको बताएका छन् । कसैले ई-७ भिसामा पठाउने प्रलोभनमा पारी रकम माग गरेमा नजिकैको प्रहरी चौकीमा खबर गर्न पनि प्रवक्ता पोखरेलले आग्रह गरेका छन् ।


### कम्पनीको नाम र ठेगाना परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८०/०९/२५**

**अफिस फ्यासिलिटेसन प्रा.लि.** को मिति २०८०/०९/१७ मा सम्पन्न वार्षिक /विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **मेरो देश मिडिया नेटवर्क प्रा.लि. (प्रा.लि. नं.: ३०७२०१)** साथै साविक ठेगाना परिवर्तन गरी **दक्षिणकाली नगरपालिका-०६, काठमाडौं** कायम गर्ने गरी मिति २०८०/०९/२२ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### कम्पनीको नाम र ठेगाना परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८०/०९/२५**

**गुडलाइफ एजुकेसनल कन्सलटेन्सी प्रा.लि. (Goodlife Educational Consaltency Pvt. Ltd.)** को मिति २०७९/०४/२० मा सम्पन्न वार्षिक /विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **गुडलाइफ एजुकेसनल कन्सलटेन्सी प्रा.लि. (Goodlife Educational Consultancy Pvt. Ltd.) (प्रा.लि. नं.: २१०४८७)** साथै साविक ठेगाना परिवर्तन गरी **का.म.न.पा.-१६, काठमाडौं** कायम गर्ने गरी मिति २०७९/०५/०२ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



## UK मा रोजगारको सुवर्ण अवसर

### ABL 1 TOUCH GROUP LIMITED, UK

पुर्व स्विकृति मितिः २०८०/०५/०६ चलानी नं. ६०२०६६४९ LT No. 290947 पून:बिज्ञापन

| | कामदारको पद | माग संख्या | कामदारको न्यूनतम योग्यता | मासिक तलब GBP£ | मासिक तलब N. Rs. | ओभर टाईम सुबिधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक बिदा | खाना सुबिधा | बस्ने सुबिधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Auto Mechanic (5231) | 5 | काममा दक्ष | 2183 | 369393 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छैन | छ | २ वर्ष |
| 2 | Auto Panel Beater(5232) | 5 | | 2183 | 369393 | | | | | | | |
| 3 | Auto Paint Sprayers(5233) | 5 | | 2183 | 369393 | | | | | | | |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टयाम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्वन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | कामदार आफै | हुने/रोजगारदाता कम्पनीले | निःशुल्क | रोजगारदाता कम्पनीले | रु. ७००/- कामदार आफैंले | कामदार आफै | रु.१५०० कामदार आफैंले |

नोटः छानिएका उम्मेद्वारले IELTS UK VI TEST पास गर्नुपर्नेछ ।

अन्तरवार्ताः मेनपावर कार्यालय, काठमाडौंमाः कम्पनीको प्रतिनिधीबाट २०८० माघ ८, ९, १०, ११ र १२ गते (22, 23, 24, 25 & 26 January 2024) हुनेछ।

वैदेशिक रोजगार विभागवाट गराइएको जानकारीः १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्वन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला । लागत खर्चः ०

**अल्फा सिग्मा ह्यूमन रिसोर्सेस म्यानेजमेन्ट प्रा. लि.**

धुम्बाराही हाइट, काठमाडौं, Ph: +977-1-4540815, 9801086024
email: recruitment.ashrm@gmail.com श्रम इजाजत नं: ६६९/०६३/६४



## मलेशियामा रोजगार

कम्पनीः SMART VOCATION SDN BHD शहरः MELAKA

पूर्व स्वीकृत मितिः २०७९/०९/२० चलानी नं.: ६०१९४३७६ LT. No.: 278711 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 50 | 0 | स. काममा दक्ष | 1500 | ४२,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनीः AYAMBEST (M) SDN BHD. शहरः Malaysia,Johor Bahru

पूर्व स्वीकृत मितिः २०७९/०९/१० चलानी नं.: ६०१८८३८५ LT. No.: 272612 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | GENERAL WORKER | 20 | 0 | स. काममा दक्ष | 1500 | ४२,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

३. कम्पनीः WINNER FOOD INDUSTRIES SDN. BHD. शहरः Selangor

पूर्व स्वीकृत मितिः २०७९/०८/०९ चलानी नं.: ६०१९२०८३ LT. No.: 276371 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 30 | 0 | स. काममा दक्ष | 1500 | ४२,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

४. कम्पनीः LEA SHENG PLASTIC SDN. BHD. शहरः Johor

पूर्व स्वीकृत मितिः २०७९/०८/२५ चलानी नं.: ६०१९३०१२ LT. No.: 277334 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 50 | 0 | स. काममा दक्ष | 1500 | ४२,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

५. कम्पनीः BUMIMAS PROTECTION SDN. BHD. शहरः Selangor

पूर्व स्वीकृत मितिः २०७९/०८/०२ चलानी नं.: ६०१९१५३७ LT. No.: 275867 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 50 | 0 | स. काममा दक्ष | 1500 | ४२,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

६. कम्पनीः SURIA PRESS (M) SDN BHD शहरः Malaysia, Jalan

पूर्व स्वीकृत मितिः २०७९/०९/१३ चलानी नं.: ६०१९३९६९ LT. No.: 275867 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 25 | 0 | स. काममा दक्ष | 1500 | ४२,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० माघ ३ गते (17 January 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**J.S.N. International Pvt. Ltd.**

P.Box No.: 9883, Samakhusi, Ranibari, Kathmandu, Tel : 01- 4359573, 01- 4364548
E-mail-jsninternational1@gmail.com, Web.: jsninternational.com.np

श्रम इजाजत नं. १२१४/०७३/०७४

# व्यवस्थापन समितिका अध्यक्षका कारण विद्यालय भद्रगोल भएको आरोप

**कृष्ण तिवारी/मध्यान्ह**
रौतहट, २४ पुस



रौतहटको दुर्गा भगवती गाउँपालिका-१ गंगा पिपरामा रहेको भुवनेश्वरनाथ सामुदायिक प्राथमिक विद्यालयलाई विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राजेश चौधरीको कारण विद्यालयलको अवस्था भद्रगोल भएको आरोप लागेको छ। व्यवस्थापन समितिका अध्यक्ष चौधरीले गोप्य ढंगले कसैलाई थाहै नदिइ राहत दरबन्दीमा आफ्नै जाती एवं नजिकका फुलकञ्चन देवी चौधरीलाई शिक्षिकामा नियुक्त गरेको स्थानीयहरुले बताएका छन्।

पाँच कक्षासम्म पढाइ हुने सो विद्यालयमा एक जनाको स्थायी दरबन्दी भएपनि स्थायी शिक्षक एक जना पनि छैन। सो विद्यालयमा एक प्रधानाध्यापकसहित पाँच जना शिक्षिका अध्यापन गराउने गरेकी छन्। पाँचै जना शिक्षिक अस्थायी नै रहेकी छन्।

व्यवस्थापन समितिका अध्यक्ष चौधरीले विना प्रतिस्पर्धाको अयोग्य व्यक्तिलाई शिक्षिकामा नियुक्त गरी विद्यालयलाई कमाउ खाने भाडो बनाएको स्थानीय विरेन्द्र चौधरीले आरोप लगाए। व्यवस्थापन समितिका अध्यक्ष देखि अन्य शिक्षिकाहरु एउटै जातीको रहेको भन्दै उनले अध्यक्ष चौधरीको गलत कार्यको खुलेर विरोध गरे। राहत कोटामा आफ्नै आसेपासेलाई नियुक्त गरी अध्यक्ष चौधरीले शिक्षाको नाममा आफ्ना कार्यकर्ता पाल्ने काम मात्र गरेको उनले आरोप लगाए।

विद्यालयका प्रधानाध्यापक र शिक्षिकाहरु नियमित विद्यालय नआउने गरेको र विद्यालयमा कहिलेकाही मात्र आउने प्रधानाध्यापक वीणा देवी जयसवालले नियमित नआउने शिक्षिकाको हाजिरी आफैं बनाइदिने गरेको समेत उनले आरोप लगाए।

विना सूचना र परीक्षा नै नलिइ अर्थात् प्रतिस्पर्धा नै नगराइ गुपचुप ढंगले अध्यक्ष चौधरी र विद्यालयका प्रधानाध्यापक विणा देवी जयसवालले राहत कोटामा नियुक्त गरेका शिक्षिका फुलकञ्चन देवी चौधरी पढाउन योग्य नै नरहेको स्थानीय हिरदेनारायण जयसवालले आरोप लगाए।

अध्यक्ष चौधरीले पढाउन योग्य नै नरहेको व्यक्तिलाई शिक्षिकामा नियुक्त गरी बालबालिकाको भविश्यसँग खेलवाड गर्ने काम गरेको जयसवालको भनाइ छ। कानूनी रुपमा गोप्य ढंगले कागजी प्रक्रिया पुऱ्याएर चौधरीले सो विद्यालयमा आफ्नै नातागोता, आसेपासे र नजिकका व्यक्तिलाई मात्र शिक्षिकामा नियुक्त गर्ने गरेको उनले बताए।

पढाउनै नजान्ने व्यक्ति शिक्षिका हुँदा बालबालिकाको भविश्य कसरी बन्ने भनि उनले चिन्ता व्यक्त गरे। अध्यक्ष चौधरीले पैसा र राजनीतिक पहुँचको आडमा विद्यालयलाई आफ्ना निजी सम्पत्ति जस्तो कब्जामा लिइ राजनीतिकरण गर्न थालेपछि विद्यालयको अवस्था निकै दयनिय भएको उनले बताए। बालबालिकाको भविश्यसँग प्रत्यक्ष सरोकार राख्ने विद्यालय जस्तो पवित्र ठाउँमा राजनीतिकरण गर्न खोज्नु दुर्भाग्य रहेको भन्दै हिरदेनारायण जयसवालले अध्यक्ष चौधरीलाई विद्यालयमा राजनीति नगर्न चेतावनी दिए। चौधरीले विद्यालयलाई राजनीतिक अखाडा बनाएका कारण सो विद्यालयमा शिक्षाको स्तर धेरै कमजोर भएको र त्यहाँ पढ्ने बालबालिकाको भविष्य समेत अन्धकारमा परेको उनले बताए। विद्यालयमा राम्रो पढाइ नहुने गरेका कारण विद्यालयमा दुई सयभन्दा बढी अध्ययनरत रहेको भएपनि मुस्किलले ३० जनासम्म विद्यार्थी मात्र पढ्न आउने गरेको स्थानीय खोभारी साहले बताए। शिक्षाको स्तर सुधार गर्न चौधरीले कहिल्यै ध्यान नदिएको र मात्र आफ्ना आसेपासेलाई शिक्षिकामा नियुक्त गर्ने तिर बढी ध्यान दिएको साहले गुनासो गरे।

अध्यक्ष चौधरीले गोप्य ढंगले नियुक्त गरेका शिक्षिकाहरुको नियुक्ती खारेज गरी प्रतिस्पर्धाको आधारमा मात्र नियमसंगत शिक्षिका नियुक्त गर्न उनिहरुले माग गर। चौधरीले आफुहरुको माग सम्बोधन नगरे र आफ्ना रबैयामा सुधार नल्याए उनीविरुद्ध कडा आन्दोलनमा उत्रिन बाध्य हुने स्थानीयहरुले चेतावनी दिए।

आफुले कानूनसमत ढंगले सबै नियम प्रक्रिया पुऱ्याएर नै शिक्षिका नियुक्त गरेको व्यवस्थापन समितिका अध्यक्ष राजेश चौधरीले दावी गरेका छन्। आफ्ना विद्यालयमा आफु बाहेक अन्य जातजातीको शिक्षिका समेत अध्यापन गराउने गरेको बताउँदै चौधरीले स्थानीयहरुले आफना बारेमा गलत आरोप लगाइ आफुलाई बदनाम गर्न खोजेको बताए। आफुले शिक्षिका नियुक्तीमा कुनै प्रकारको भेदभाव वा काखापाखा नगरेको बताउँदै उनले खुला प्रतिस्पर्धाकै माध्यमले योग्य व्यक्तिलाई मात्र शिक्षिकमा नियुक्त गरेको उनले दावी गरे।


## पार्टनर चाहियो ।

एक प्रतिष्ठित मेनपावर सञ्चालनको लागि वैदेशिक रोजगार सम्बन्धी काम गर्न इच्छुक ५० प्रतिशत सेयर होल्ड पार्टनर चाहियो ।

सम्पर्कः ९८५१०८६६०७


# Shivasatakshi Municipality
## Office of the Municipal Executive
**Koshi Province, Jhapa**

## Invitation for online Bids

**Date of Publication : 2080/09/25 (10-Jan-2024)**

Shivasatakshi Municipality invites electronic bids from eligible bidders for the following procurement work under National Competitive bidding procedures specified in Public Procurement Act 2063 and Regulations 2064.

| Contract Number | Description of Work | Bid Document Fee | Estimated Amount Without Vat & Contingencies | Bid Validity Perid | Minimun Bid Security Amount | Bid Security Validity Perid | Deadline For Submission of Bid | Opening of Bid |
|---|---|---|---|---|---|---|---|---|
| 14/SM/NCB/ Cons/2080/081 | Construction of Ward no 8 Office Building, Jhiljhile | Nrs 3000.00 | **Nrs** 1,67,62,929.64 | 90 Days After Bid opening | **Nrs** 4,78,000 | 30 Days beyond the Validity of Bid | 09-Feb-2024 12: 00 Hours | 09-Feb-2024 14: 00 Hours |

**Information to deposit the cost of Bidding document in Bank**

**Name of the Bank**: Nepal Investment Mega Bank Nepal LTD , Byangdada branch

**Name of Office**: Shivasatakshi Municipality

Office Account no.: **29601400000017**

If Bidder wishes to submit the Cash Security ,the Cash should be deposited in the name of shivasatakshi municipality office, Dharauti account No. **29601400000048** on behalf of of Shivasatakshi Municipality at Nepal Investment Mega Bank Nepal LTD , Byangdada branch and submit the recipt of deposited amount of cash along with sealed Bid.

A complete set of Bidding Documents may be download from PPMO website www.bolpatra.gov.np/egp. Bidder may obtain further information from the office of Shivasatakshi miunicipality ,Tel 023-470323 or visit website www.shivasatakshimun.gov.np.

If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission..

The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever

**CHIEF ADMINISTRATIVE OFFICER**

# Modi Rural Municipality
## Office of Rural Municipal Executive
**Patichaur, Parbat**

## Invitation for Electronic Bids

**Date of publication: 10th Jan, 2024**

1. The Modi Rural Municpality, Parbat invites *electronic* bids from eligible bidders for the Procurement of Works under National competitive bidding procedures specified in Public Procurement Act and Regulations.

| SN | Contract No. | Project Name | Estimated Amount (Excluding Vat & Contingencies) | Bid Security | Bid Fee | Rem |
|---|---|---|---|---|---|---|
| 1 | 06/MRM/ NCB/ WORKS/ 2080-81 | WardNo2 Deupur Thulipokhari Dekhi Ward No 3 Ghururnga Sammako Sadak Marmat | Rs.32,23,127.85 | Rs.90,000.00 | Rs. 3,000.00 | |

2. Bidding Documents is available Online and can be downloaded from e-GP System www.bolpatra.gov.np/egp. Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document in the following bank.
3. The Bids will be opened in the presence of bidder's representatives who choose to attend at 13:00 hrs on 9th Feb, 2024 at the office of Modi Rural Municipality, Patichaur,Parbat, Documents received after deadline shall not be accepted.

**Information regarding Bid Fee & Bid Security**

For Bid Security
Name: Nepal Bank Ltd, Modi Branch
Account Name: GA 3.1-MODI GAPA STHANIYA TAHA DHARAUTI KHATA
Account Number: 32603000003001000001

For Bid Document Fee
Bank Name: Nepal Bank Ltd, Modi Branch
Account Name: GA 1.1-MODI GAPA Aantarik Rajaswo Khata
Account no: 32603000001001000001

***Chief Administrative Officer***




# Bheri Hospital
Nepalgunj, Banke

## Invitation for Bids

**Date of Publication:- 2080/09/25**

1. Bheri Hospital Nepalgunj, Banke invites single stage Single envelope electronic bid from eligible bidders for the Construction of following works under National Competitive Bidding Procedure.

| SN | Contract ID. No | Description of Work | Estimated Amount (Without Vat, Contingency And PS) NRs. | Bid Security Amount (NRs) | Bidding Document Fee (NRs) | Bid Validity /Bid Security validity period | Last Date and Time of Bid Submission | Date And Place of Bid Opening |
|---|---|---|---|---|---|---|---|---|
| 1. | BHERI/ NCB/W03/ 080/81 | Construction of Pre fab structure on top of SBA Building | 7515331.52 | 2,10,000.00 | 3000.00 | 90 days/120 days from the last date of bid submission | 2080/10/26 BS 12:00 Noon | 2080/10/26 BS) 2:00 PM Bheri Office |

2. Account No. for Bid document Purchase

| Bank | Office Name | Revenue Account Number | Revenue number | Office Code |
|---|---|---|---|---|
| Rastriya Banijya Bank Ltd | Ko.le.ni.ka (Bheri Aspataal) | 1000100200010000 | 14229 | 370005702 |

3. Eligible bidders may obtain further information from ( www.bolpatra.gov.np.egp) Website of Public procurement monitoring Office (PPMO)

**Office Head**



मध्यान्ह
www.madhyanhadaily.com
२५ पुस २०८०, बुधबार
10 January 2024, Wednesday

## सम्पादकीय

### प्रधानमन्त्री र त्रिविबाटै सुधार

कार्यबाहक नेतृत्वको भरमा चलिरहेको त्रिभुवन विश्वविद्यालयको उपकुलपति चयन प्रक्रिया पेचिलो बन्दै गएको छ । सरकारले योग्य व्यक्ति चयन गर्न भनेर निकालेको सूचना विवादित भएपछि प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डकै निर्देशनमा बदर भएको छ । प्रधानमन्त्रीको निर्देशनपछि अर्को सूचना प्रकाशित गरिएको छ । तर दोस्रोपटक प्रकाशित सूचना बमोजिम उपकुलपति नियुक्त हुने प्रक्रिया समेत सन्देहरहित हुने देखिदैन । किनकि पहिलो सूचनामै खोट देखिएकाले अब नियुक्त हुने कुलपति पनि निष्पक्ष विधिबाट आउनेमा ढुक्क हुने अवस्था रहेन । केही समयदेखि कार्यबाहक नेतृत्वमा चलिरहेको त्रिविका निम्ति उपकुलपतिको आवेदन दिन तीन वर्ष अध्यापक रहेको अनुभव राखिएको थियो । यस्तो सर्तलाई पार्टी कार्यकर्ता लैजाने प्रपञ्च भनेर विरोध भयो ।

तीन वर्षे अनुभवको सर्तलाई आलोचकहरूले सत्ताको नेतृत्व गरिरहेको नेकपा माओवादी केन्द्रका कार्यकर्ता लैजाने प्रपञ्च भनेका थिए । जबकी त्रिविलाई राजनीतिक खेलबाट अलग गर्नुपर्ने चर्को दबावपछि कुल प्रतिस्पर्धाबाट उपकुलपति चयन गर्ने प्रक्रिया सरकारले अगाडि बढाएको थियो । राजनीतिक चलखेलबाट अलग गर्नलाई प्रधानमन्त्री त्रिविको कुलपति हुने प्रणाली नै परिवर्तन हुनुपर्ने विकल्पमा समेत सार्वजनिक बहस भएको थियो । वर्षौदेखि प्रधानमन्त्री नै कुलपति हुँदा विश्वविद्यालयहरूको गुणस्तर विकास हुन नसकेको र अध्ययनका लागि विदेशिने विद्यार्थीको संख्या बढेकाले बोर्ड अफ ट्रस्टी गठनको समेत माग भएको थियो । प्रधानमन्त्रीले भने बोर्ड अफ ट्रस्टीकै माग पूरा नगरेपनि खुला प्रतिस्पर्धाबाट उपकुलपति नियुक्त गर्ने विकल्प छानेका थिए । तर सूचनाको सर्तमै घुमिफिरी कार्यकर्तालाई लैजाने प्रपञ्च देखियो । जसको चर्को विरोध भयो ।

सरकारले दोस्रोपटक प्रकाशित सूचना बमोजिम संभवतः उपकुलपति नियुक्त गर्नेछन् । चयन भएर आउने उपकुलपतिले राजनीति भन्दा माथि उठेर काम गर्न सक्छन् वा अहिलेकै सन्देहलाई बल दिनेछन् भन्ने चाहिँ कार्यान्वयनबाटै प्रमाणित गर्नुपर्नेछ । तर यसपटक उपकुलपति कसरी चयन हुन्छन् भन्ने भन्दा पनि हाम्रा विश्वविद्यालयहरूको गुणस्तर सुधार भने अपरिहार्य छ । लाखौंको संख्यामा विद्यार्थी उच्च शिक्षा अध्ययन गर्न विदेश जाने गरेको तथ्य अनि यहाँका विश्वविद्यालयहरूको भद्रगोल परिस्थितिले पनि सामान्य सुधारले नपुग्ने देखिन्छ । त्यसको थालनि भने त्रिविबाटै गरिनुपर्छ र प्रधानमन्त्रीबाटै पहलकदमी जरूरी छ । किनकि देशको विश्वविद्यालय बलियो नहुनु भनेको मुलुकले समग्र विकासमा गति नलिनु पनि हो ।

# जनसंख्यासम्बन्धी नीतिको खोजी

अग्रलेख



● चेतन अधिकारी

एसियाका अन्य देशमा जस्तै नेपालमा पनि जनसंख्या वृद्धि मुख्य समस्याका रूपमा रहेको लामो समय प्रचार गरियो । देशको मुख्य समस्याका रूपमा रहेको जनसंख्या नियन्त्रणका लागि राज्यका धेरैवटा संरचना यही काममा लामो समय व्यस्त रहे । खासगरी सन् १९५९ मा परिवार नियोजन संघको स्थापना गरेर सानो परिवारको अवधारणा अघि बढाउँदै जन्मदर नियन्त्रणमा राज्य अनवरतरूपमा प्रयासरत रह्यो ।

राष्ट्रिय योजना आयोगले पनि तेस्रो पञ्चवर्षीय योजनाकाल (सन् १९६५-७०) देखि जनसंख्या वृद्धिलाई समस्याका रूपमा लिँदै दस्तावेजमा समावेश गऱ्यो । यस दस्तावेजमा पनि जनसंख्या नियन्त्रण र सानो परिवारलाई उत्प्रेरित गर्ने प्रकारकै थियो । त्यसबेला नेपालको जनसंख्या वृद्धिदर २.८ प्रतिशतसम्म थियो । उच्च जन्मदर भए पनि उच्च मृत्युदरका कारण जनसंख्याको आकार अस्वाभाविकरूपले बढ्न पाएको थिएन ।

नेपालको जनसंख्यामा नीति निर्माताको एकमात्र रटान जनसंख्या नियन्त्रण कति जायज थियो ? जनसंख्या वृद्धिलाई समस्या मात्र देख्ने त्यसबेलाका नीति निर्माताको सोच स्वदेशी थियो वा विदेशीले दिएको जुक्ति ? अहिले त्यो बहसको विषय छ । नेपालमा अहिले नै जनसंख्यालाई यति सानो आकारमा सीमित गर्नुपर्दथ्यो कि पर्थेन भनेर अहिले विभिन्न मञ्चहरूमा बहस हुन थालेको छ । जब जनगणना २०७८ ले नेपालको जनसंख्या वृद्धिदर ०.९२ मा सीमित भएको देखायो तब यसको असर प्रभावलाई नियालेका राजनीतिक पार्टीका नेतादेखि अन्य सरोकारवालाहरू पनि गम्भीर बनेका छन् । वर्षौंदेखि तीन करोड नेपाली भन्दै आएको समाजको एउटा तप्कालाई सम्झाउनुपर्ने कुरा के छ भने अझै पनि नेपालमा तीन करोड नेपाली पुगेका छैनन् ।

खासगरी २०६८ सालको जनगणनाले नेपालको जनसंख्या वृद्धिदर १.३ प्रतिशतमा सीमित गरेपछि जनसंख्या नीतिमा पुनःविचार गर्नुपर्दछ भन्ने मतहरू बाहिर आउन थालेका हुन् । २०७८ सालमा गरिएको जनगणनाको नतिजाले एक दशकमा करिब २७ लाख मानिस नेपालमा थपिएको र जनसंख्या वृद्धिदर ०.९२ प्रतिशतमात्र रहेको तथ्यांक सार्वजनिक गरेपछि सरकार मात्र हैन, सरोकारवाला निकायले पनि यसलाई एउटा सामाजिक बहसको विषय बनाएका छन् । हाल नेपालको जनसंख्या दुई करोड ९१ लाख ९४ हजार पाँच सय ७८ रहेको छ ।

जनसंख्या वृद्धिको प्रवृत्ति विश्वभरी नै घट्दो अवस्थामा रहेको छ । विभिन्न प्रक्षेपणहरूले सन् २०५० मा विश्वको जनसंख्या सबैभन्दा उच्चतम् बिन्दुमा पुग्ने अनुमान गरेका छन् । त्यसबेला विश्वमा १० अर्ब जनसंख्या पुग्ने भनिएको छ । त्यसपछि क्रमशः जनसंख्या ओरालो लाग्ने र कतिपय देशहरू त अति न्यून जनसंख्या 'डिपपुलेटेड'को स्थितिमा पनि पुग्ने हुन् कि भन्ने आशंका गरिएको छ ।

वर्तमानका तथ्यांकहरूले नेपाललाई पनि त्यतैतिर डोऱ्याएको देख्न सकिन्छ । नेपालमा अहिले प्रजननदर घटेर विस्थापन तहभन्दा मुनि अर्थात् २.० प्रति महिला पुगेको छ । बालबालिकाको जनसंख्या ह्वात्तै घटेको छ । ज्येष्ठ नागरिकको संख्या उसैगरी बढेको छ । २०६८ सालमा कूल जनसंख्याको तीन प्रतिशत रहेको ६० वर्षभन्दा माथिको जनसंख्या अहिले बढेर सात प्रतिशत पुगेको छ । आगामी दशकमा यो संख्या बढेर १० प्रतिशत पुग्ने अनुमान गरिएको छ । अघिल्लो जनगणनामा हिमाल र पहाडका २७ वटा जिल्लाको जनसंख्या वृद्धिदर ऋणात्मक देखिएका थिए यस जनगणनामा त्यो संख्या बढेर ३४ वटा पुग्यो । जनसंख्याको वितरण पनि उस्तै असन्तुलित छ । कूल भूभागको २३ प्रतिशत भूभाग ओगटेको तराईमा करिब ५४ प्रतिशत जनसंख्या छभने ७७ प्रतिशत ओगटेका हिमाल र पहाडमा कूल जनसंख्याको ४६ प्रतिशत जनसंख्या बसोबास छ । तराईको उर्वर भूमिमा जनघनत्व बढेर खेतीयोग्य जमिन साँघुरिँदै गएको छ । पहाडका जमिनहरू पनि मानिसको अभावमा बाँझा भइरहेका छन् । जनसंख्याको संरचनामा व्यापक असन्तुलन आएको छ । पहाडमा विकास त भइरहेको छ तर मानिसहरू बस्न चाहेका छैनन् । यसले समग्र जनसंख्या नीति र विकास योजनामा नै राज्यले सोच्नुपर्ने भएको छ ।

नेपालमा विकासको ढाँचाका अतिरिक्त जनसंख्यासम्बन्धी नीतिमा व्यापक संशोधन गर्ने समय आएको छ । त्यो समय अहिले किन पनि उपयुक्त छ भने राष्ट्रिय योजना आयोग अहिले १६औँ पञ्चवर्षीय योजनाको तयारीका क्रममा छ । यही समयमा राज्यले आगामी पाँच वर्षका लागि नयाँ नीति र कार्यक्रम बनाउँदछ । जनसंख्याका सम्बन्धमा राज्यले लिइरहेको 'नियन्त्रण'को नीतिबाट अब खुकुलो नीति अवलम्बन गर्नेतर्फ केन्द्रित हुनु जरुरी छ । सैद्धान्तिक हिसाबले नेपालले हालसम्म अपनाएको जनसंख्या नीतिलाई जन्मविरुद्धको नीति अर्थात् 'एन्टी नेटालिष्ट पोलिसी' भनिन्छ । अब त्यसलाई रोकेर जन्मका सम्बन्धमा दम्पतीलाई विवेक प्रयोग गर्न दिने कि जन्मपक्षीय वा 'प्रो नेटालिष्ट पोलिसी' अपनाउने भन्ने बहसको विषय छ ।



*नेपालमा विकासको ढाँचाका अतिरिक्त जनसंख्यासम्बन्धी नीतिमा व्यापक संशोधन गर्ने समय आएको छ । सैद्धान्तिक हिसाबले नेपालले हालसम्म अपनाएको जनसंख्या नीतिलाई जन्मविरूद्धको नीति अर्थात 'एन्टी नेटालिष्ट पोलिसी' भनिन्छ । अब त्यसलाई रोकेर जन्मका सम्बन्धमा दम्पतीलाई विवेक प्रयोग गर्न दिने कि जन्मपक्षीय वा 'प्रो नेटालिष्ट पोलिसी' अपनाउने भन्ने बहसको विषय छ ।*

#### नेपालमा जनसंख्या नीतिको विगत

